☎ { ५-५२११६५
५-५२३०५१

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
( ........................ फाँट)

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

लक्ष्मी निवास, ललितपुर

मितिः २०८१।०३।०२
ने.स. : ११४४ वछलाथ्व, १० आइतवार

## जिल्ला प्रशासन कार्यालय, ललितपुरको सूचना ।

ललितपुर जिल्लामा राष्ट्रिय परिचयपत्रको वैयक्तिक विवरण दर्ता गर्ने कार्य र तयार भई आएको परिचयपत्र वितरण गर्ने कार्य भैरहेको व्यहोरा जानकारी नै छ । पछिल्लो समय सामाजिक सुरक्षा भत्ता लगायत अन्य सेवाहरु प्राप्त गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य गरिए पश्चात राष्ट्रिय परिचयपत्रको वैयक्तिक विवरण दर्ता गर्ने र तयार भएको राष्ट्रिय परिचयपत्र लिन आउने सेवाग्राहीहरुको संख्या बृद्धि भएको छ । राष्ट्रिय परिचयपत्रको सेवालाई सहज र सरल बनाउन तथा उहि दिन सेवा (One day Service) का रुपमा उपलब्ध गराउन तपशिल बमोजिमको सहजीकरण/व्यवस्था भएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

**तपशिलः**

- राष्ट्रिय परिचयपत्र सम्बन्धी Online Form कार्यालय परिसर भित्रबाट नै भर्ने व्यवस्था मिलाईएको ।
- ललितपुर जिल्ला प्रशासन कार्यालयमा ५ वटा स्थायी स्टेशनहरुबाट सेवा दिँदै आएकोमा सेवाग्राहीहरुको चापलाई मध्येनजर गरी मिति २०८१ साल असार ०४ गतेदेखि ललितपुर जिल्लाका सबै स्थानीय तहहरुमा १/१ वटा अस्थायी स्टेशन खडा तथा कर्मचारी खटाई स्थानीय तहको समन्वय/सहजीकरणमा स्थानीय स्तरमै (वडा तहसम्म) सेवा दिने व्यवस्था मिलाईएको ।
- अशक्त, अपाङ्ग, बिरामी, अरुको सहारा लिनुपर्ने र जेष्ठ नागरिकका लागि लाईनमा बस्न नपर्ने गरी तत्काल सेवा दिने व्यवस्था मिलाईएको ।
- राष्ट्रिय परिचयपत्रको कार्ड लिन आउने सेवाग्राहीको संख्या वृद्धि भएसँगै वितरण कार्यमा पनि स्टेशन संख्या वृद्धि गरी सेवामा सहजीकरण गरिएको ।

२०८१।३।२

कल्पना घिमिरे नेपाल
(सहायक प्रमुख जिल्ला अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी